सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

माननीय न्यायाधीश श्री नृपध्वज निरौला

आदेश

०८२-WO-१५८८

मुद्दाः उत्प्रेषण परमादेश।

खर्कबहादुर गजमेर --------------------------------------------------- निवेदक

विरुद्ध

आश्विनी मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि.समेत ----------------- प्रत्यर्थी

यसमा निवेदककातर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री ललितबहादुर बस्नेत र श्री राजुप्रसाद चापागाई तथा प्रत्यर्थी हस्पिटलकातर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राममणि मैनालीले गर्नुभएको वहस सुनियो।

यसमा २०६२ सालमा भुटानबाट निष्कासित भएपछि नेपालमा प्रवेश गरी झापा जिल्ला, बेलडांगीस्थित छाप्रोमा बस्दै आएका छौं। मेरी श्रीमती सारा गजमेर मृगौला सम्बन्धी रोगबाट पीडित भई दुबै मृगौलाले काम गर्न छोडेपछि डायलसिस गराउँदै आएकोमा अस्पतालले मृगौला प्रत्यारोपण गर्नुपर्ने सल्लाह दिएपछि शुरुमा नर्भिक अस्पताल र हाल आश्विनी मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि.(मेडिसिटी अस्पताल) मा उपचार गराईरहेका छौं। हाम्रो परिचय, शरणार्थी हैसियत तथा श्रीमान श्रीमतीबिचको नाता सम्बन्ध प्रमाणित गरिएको सिफारिश तथा कागजात संलग्न गरी आश्विनी मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. मा मृगौला प्रत्यारोपणका लागि निवेदन दिएकोमा

अस्पतालको मृगौला प्रत्यारोपण स्वीकृति समितिको मिति २०८३।०३।०८ मा बसेको बैठकबाट निवेदकहरुले भुटानी शरणार्थीसम्बन्धी प्रमाणित परिचयपत्र पेश गर्न नसकेको तथा मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २(ठ) मा शरणार्थी सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नरहेको हुँदा मृगौला प्रत्यारोपण गर्न नमिल्ने निर्णय गरेको अवस्था छ। मृगौला प्रत्यारोपण जस्तो जीवनरक्षक उपचार प्राप्त गर्ने उद्देश्यले गरिएका प्रयासहरु असफल हुँदै जाँदा बिरामीको स्वास्थ्य अवस्था दिनप्रतिदिन जटिल बन्दै गएकोले आश्विनी मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. को मिति २०८३।०३।०८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी शरणार्थीको रुपमा बसोबास गरिरहेको हाम्रो विशिष्ट कानूनी अवस्था र मानवीय अवस्थासमेतलाई विचार गरी कानूनबमोजिम मृगौला प्रत्यारोपणको सेवा उपलब्ध गराउनु भनी प्रत्यर्थीहरुको नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदन दावी रहेको देखिन्छ। प्रत्यर्थीहरुको लिखित जवाफ हेर्दा निवेदकहरु श्रीमान श्रीमती नाताका भएको देखिएको तर भुटानी शरणार्थी सम्बन्धमा मृगौला प्रत्यारोपण गर्नको लागि प्रष्ट कानूनी व्यवस्था नभएको हुँदा प्रत्यारोपणको प्रकृया अगाडि बढाउन नसकिने भनी निर्णय भएको हो। भुटानी शरणार्थीको हकमासमेत अंग प्रत्यारोपण गर्न मिल्ने भनी अदालतबाट आदेश भएमा मृगौला प्रत्यारोपण गर्न तत्पर रहेको भन्ने प्रत्यर्थीहरुको लिखित जवाफ रहेको पाइन्छ।

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ मा रहेको परिभाषा खण्डको (ठ) मा नजिकको नातेदार भन्नाले "अङ्ग ग्रहण गर्ने व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा ज्वाँई, जेठान सम्झनु पर्छ" भनी स्पष्ट गरेको पाइन्छ। यस अदालतको आदेशानुसार झिकाई आएको भुटानी शरणार्थी बस्ती व्यवस्थापन समितिबाट जिल्ला प्रशासन कार्यालय झापालाई लेखिएको च.नं.००१, मिति २०८३।०४।१५ को पत्र र सोसाथ संलग्न प्रतिलिपिहरुबाट बाट खर्कबहादुर गजमेर र सारा गजमेर श्रीमान श्रीमती नाता सम्बन्धको व्यक्तिहरु रहेको देखिएको र निवेदक खर्कबहादुर गजमेरले मृगौला पीडित सारा गजमेरलाई आफ्नो श्रीमती भनी स्वीकार गरेको अवस्था रहेकोले निजहरु श्रीमान श्रीमती नाताको रहेको सम्बन्धमा विवाद देखिएन। निवेदकहरु नेपाली नागरिक नभई भुटानी शरणार्थीको हैसियतमा नेपालमा आई शरणार्थी शिविरमा बसोबास गरिरहेको तथ्यमा विवाद देखिंदैन। नेपालको संविधानको धारा १६(१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बांच्न पाउने हकको प्रत्याभूत गरिएको, धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकबाट व्यक्तिलाई वञ्चित नगरिने प्रत्याभूत गरिएको

परिप्रेक्ष्यमा निवेदक ___ र निजको पत्नी नेपाली नागरिक नभएपनि जीवनको हकसँग जोडिएको स्वास्थ्योपचारको हकबाट वञ्चित गर्दा निजको जीवनको हक नै खतरामा पर्न जाने देखियो। त्यसैले स्वास्थ्य सेवा जस्तो जीवन मरणको संवेदनशील विषयमा हरेक व्यक्तिको बाँच्न पाउने हकलाई कानूनी प्रावधानको शाब्दिक व्याख्या गरी इन्कार गर्न मिल्ने अवस्था हुँदैन। निवेदकको श्रीमतीको दुबै मृगौलाले काम गर्न छाडी प्रत्यारोपण गर्नु पर्ने भनी अस्पतालले शिफारिस गरेको अवस्था देखिएकोले मृगौला प्रत्यारोपण गर्न नमिल्ने भनी आश्विनी मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. बाट भएको मिति २०८३।०३।०८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब आवश्यक कानूनी प्रकृया पुरा गरी निवेदन मागबमोजिम मृगौला प्रत्यारोपणको सेवा उपलब्ध गराउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी गरिदिएको छ। पूर्णपाठ तयार हुन समय लाग्ने हुँदा यो संक्षिप्त आदेश तयार गरिएको छ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८३ साल साउन १८ गते रोज २ शुभम् ..........................................।